# राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मसुरीया, दाङ                    लुम्बिनी प्रदेश नेपाल

पत्र संख्याः                    चलानी नम्वरः

**प्रथम पटक प्रकाशित मिति २०८०/०४/१६**

**बिषयः कवाडीकर असुलीका लागि दरभाउपत्र आव्हान सम्वन्धि सूचना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राप्ती गाउँपालिकाको आर्थिक ऐन, २०८०को दफा ५ अनुसूची(४) बमोजिम निर्धारण गरिएको कवाडी कर आर्थिक बर्ष २०८०/०८१ मा यस कार्यालयवाट उठाउने कार्य ठेक्काका माध्यमबाट गर्नुपर्ने भएकोले ईच्छुक संघ संस्था वा फर्मवाट तपशिलको शर्तहरुको अधिनमा रहि दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सवैका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१.दरभाउपत्र सम्वन्धी फाराम यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८० साउन २२ गते १२ बजे) भित्र कार्यालयवाट रु १०००/- (फिर्ता नहुने गरी)तिरी खरिद गर्न सकिनेछ । सो को लागि संस्था दर्ता प्रमाणपत्र, आ.व.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्र मु. अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । दरभाउपत्र उक्त दिन २ बजे भित्र दर्ता गरिसक्नुपर्नेछ भने सोहीदिन ४ बजे खोलिनेछ ।

२ ठेक्काको न्यूनतम अंक (मु अ कर तथा अग्रीम आयकर बाहेक) रु ८०००००/- अक्षरमा आठ लाख कायम गरिएकोछ ।

३ कवोल अंकबराबरको रकम संझौताका बखत एकमुष्ट रुपमा बुझाउनुपर्नेछ भने किस्ताको रुपमा बुझाउन चाहेमा २ किस्ता कायम गरी पहिलोपटक ७० प्रतिशत र आर्थिक बर्षको तेश्रो त्रैमासिकको अन्त्य सम्ममा बाँकी रहेको ३० प्रतिशत बुझाउनुपर्नेछ ।

४.आफुले कवोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको धरौटी खाता नं ३४००४०१००००००४ ग्लोबल आईएमई बैंकमा नगदै जम्मा गरी सो को सक्कल भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

५.ठेक्का २०८१ असार मसान्त सम्मका लागि हुनेछ ।

६.महामारी बन्द हडताल वा अन्य कुनै प्रकारको अवरोध उत्पन्न भएमा कार्यालयले ठेक्का रकममा कुनै प्रकारको छुट दिने वा क्षतिपूर्ति दिने छैन ।

७. .प्रचलित कानूनले निषेध गरेका बस्तुहरुमा कर असुली गर्न पाईने छैन ।

८.यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

९.करका दरहरु आर्थिक ऐन,२०८० ले तोके बमोजिम हुनेछ ।

नेब बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत